# पछिल्लो राणाकालीन प्रशासनका विविध पक्षहरूमाथि प्रकाश पार्ने श्री ३ मोहन शमशेरको सनद

*पुष्पराज चालिसे*

## परिचय

प्रस्तुत लेख श्री ३ महाराज एवं प्रधानमन्त्री मोहन शमशेरबाट वि.सं. २००६ आषाढ १८ गते जारी गरिएको एक सनदमा आधारित रहेको छ। तत्कालीन गाईवस्तुको औषधी-इलाज, पथपरहेज र तालिम गर्ने गोश्वारा अड्डाका डाक्टर एवं खरिदार मुलुकभर छरिएर रहेका पशु चिकित्सालयहरूको केन्द्रीय निगरानी, निरीक्षण, निर्देशन तथा थप प्राविधिक विशेषज्ञ सेवाहरू समेतका लागि टुर-काजमा खटिई जाने, त्यस अवस्थामा निजहरूले दरवन्दी वाहेकमा पाउने काज भत्ता, सुविधा र उनीहरूको अनुपस्थित अवधिवीचमा सोही गोश्वारामा कार्यरत वरिष्ठ प्राविधिक औ कर्मचारीहरूद्वारा उपलब्ध औपधोपचार तथा भैपरी आउने लेखापढीलगायत तलव भत्ता भिकी खाने खुवाउने समेतका प्रवन्धमा यो सनद केन्द्रित रहेको छ।

अन्तिम राणाकालमा अड्डा-अड्डाका नाममा आदेश निकासा भइजान र श्री ३ प्रधानमन्त्रीको औपचारिक स्वीकृति पुऱ्याउनुपर्ने रिपोर्टको शीरमा श्री ३ को प्रशस्ती (क्रमशः नेपाली, अङ्ग्रेजी, फारसी र तिब्वती भाषामा) सहितको खड्ग निशाना छाप र रिपोर्ट-कागजको व्यहोराको शीर तथा पुच्छारमा मुख्तियार एवं कम्याण्डर-इन-चिफको सानु अंगुठी छाप अनि प्रमाणित रिपोर्टको किनारामा सम्वद्ध कर्मचारीहरूको अंगुठी वा सहीछाप लागिजाने कागज गैह्रलाई सनद र इस्तिहार भन्दथे (पाण्डे, २०४२ : ४० र १२३)। तहगत प्रचलित तत्कालीन छापहरूमध्ये तेस्रो तहमा रहेको खड्ग निशाना छाप लागी सदर गरिने सनदले राणाकालीन प्रशासनमा प्रमुख सर्वोच्चता पाएको थियो। राणा प्रधानमन्त्रीहरूले यसलाई श्री ५ द्वारा प्रमाणित सदर गर्ने लालमोहर पत्रको समकक्षीरूपमा अत्यधिक प्रयोगमा ल्याएका थिए (चालिसे, ई. १९९८ : १५६-५७)।

सनद निर्माणको प्रचलित विधि वा प्रकृयाको जहाँसम्म सवाल छ, तत्कालीन नेपालमा सदरका निकासा (आदेश) लिने अड्डाले निकासा सदर गराई लिनुपर्ने कुराहरूको विवरण लेखी तालुकवाला वा मुख्तियार एवं कम्याण्डर-इन-चिफ समक्ष जाहेरी गर्दथे, जसलाई रिपोर्ट वा तोक भनिन्थ्यो (चालिसे, २०४६ : ५४३ तथा पाण्डे, २०४२ : ४०-४१)। श्री ३ प्रधानमन्त्रीका जुनाफमा साध्नुपर्नेजति रिपोर्टहरू खड्ग निशाना अड्डा पठाइन्थ्यो। सो अड्डावाट ती रिपोर्टहरू साधी उनीबाट हुकुम भएमुताविक उल्लेखित निकासा विवरणका हकमा यसो- यसो गर्नु भन्ने निर्णय सदर गरेपछि रिपोर्ट वा तोक सदरसहितको सो रिपोर्ट सम्वद्ध तालुक अड्डा जान्थ्यो। अनि सम्वद्ध तालुक (सदर = केन्द्रीय) गोश्वारा वा अड्डाले रिपोर्ट तोक सदरमा भएको निकासासम्वन्धी निर्णय कार्यान्वयन गराउनका लागि

निकासा विवरणको प्रकृतिसँग प्रत्यक्ष सरोकार राख्ने अन्य अड्डाहरूका नाममा सनद जारी गराउँदथे ।

उपर्युक्त तवरले केन्द्रीय स्तरबाट मुलुकभरका पशु चिकित्सालयहरूमा उच्चपदस्थ डाक्टर एवं खरिदारको निरीक्षण भ्रमण गराउने विषयमा उठाइएको रिपोर्टमाथि वि.सं. २००५ चैत्र २३ गते खड्ग निशाना रिपोर्ट (तोक) सदर भइआएबमोजिमको निकासा आदेश प्रत्यक्षरूपले कौसी तोषाखाना अड्डासँग सम्बद्ध भएकाले पशु स्वास्थ्य गोश्वारा अड्डाले निकासावमोजिम गर्नु गराउनु भन्ने सनद जारी गराउन माग गरेअनुरूप प्रस्तुत सनद जारी गरिएको देखिन्छ ।

आभिलेखिक प्रकृतिका दृष्टिले प्रस्तुत सनद मूलतः आर्थिक अभिलेख हो तापनि यसले राणाकालीन प्रशासनिक इतिहासको अध्ययनका पक्षमा विशिष्ट महत्व राख्दछ । जसले एकातिर नेपालको आधुनिक पाश्चात्य चिकित्सा पद्धति (Allopathy) अनुरूपको पशु स्वास्थ्य सेवाको प्रारम्भिक इतिहास लेखनका पक्षमा केही नयाँ एवं महत्त्वपूर्ण आधिकारिक सूचनाहरू प्रवाहित गरेको छ । अर्कोतिर यस ऐतिहासिक अभिलेखले पछिल्लो राणाकालीन प्रशासनभित्रको खासगरी सामान्य एवं आर्थिक प्रशासनमा विद्यमान नीति-नियम तथा प्रकृयाहरूका बारेमा पनि केही थप नवीन सूचनाहरू उपलब्ध गराउनुका साथसाथै ती पक्षहरूमा गरिनुपर्ने सुधार एवं प्रबन्धहरूका विषयमा राणा शासक र उच्चपदस्थ कर्मचारीहरू बीचको भिन्न मानसिकता अनि सो मानसिकताले सुरु गराएको आपसी अन्तर्द्वन्द्वलाई समेत हल्कारूपमा उजागर गराएको छ । अतः यस मौलिक अभिलेखमाथि विविध पक्ष एवं कोणहरूबाट विस्तृतरूपमा व्याख्या एवं विश्लेषण गरी तयार पारिएको प्रस्तुत आलेख खासगरी नेपालमा पशु स्वास्थ्य सेवा तथा राणाकालीन प्रशासनिक इतिहासको अध्ययन, अध्यापन र अनुसन्धानमा संलग्न विद्यार्थी, शिक्षक औ शोधार्थीहरूकालागि विशेष उपयोगी हुन जाने अपेक्षा राखिएको छ ।

यहाँ प्रकाशित सनद मैले त्रिभुवन विश्वविद्यालय इतिहास केन्द्रीय विभागले केही वर्ष अघि कौसी तोपाखाना अड्डावाट लेराई आफ्नो संरक्षणमा राखेको ऐतिहासिक संग्रहबाट उतार गरिलिएको हुँ । आफ्नो संग्रहमा रहेको प्रस्तुत सनद अध्ययन गरी प्रकाशन गर्न अनुमति दिएकोमा सो विभागप्रति हार्दिक आभार प्रकट गर्दछु ।

**प्रस्तुत सनदको प्रसङ्ग**

तत्कालीन गाईवस्तुको औषधी, इलाज, पथपरहेज र तालिम गर्ने गोश्वारा अफिसका डाक्टर एवं खरिदारलाई पूर्व-पश्चिम पहाड, गढी, गोश्वारा तथा सुर्खेत, काभ्रेपलाञ्चोक, कोदारी, भक्तपुर र ललितपुरसमेतमा गाईवस्तुको औषधी उपचार गर्न तोकिएका पशु चिकित्सा अड्डाहरू र ती अड्डाका तालिम प्राप्त कर्मचारीहरूद्वारा काम भए नभएको जाँचबुझ गरी काम नभएमा सनद-सवालबमोजिम काम गर्ने गराउने गरी तालुकवालाका तजविजले एकाध जिल्लामा सालको एक पटक सालवसाल निकासा माग गरी तोक सदर गराई टुर-काजमा खटिने खटाउने व्यवस्था वि.सं. २००५ आषाढ १२ को खड्ग निशाना रिपोर्ट सदरबमोजिम

भइआएको थियो । यसप्रकार टुर-काजकालागि सालवसाल निकासा लिनुपर्ने साविक व्यवस्थाअन्तर्गत निकासा माग गरी तोक सदर गराइरहँदा धेरै समय लाग्ने र मुलुकभर यथा समयमा गाईवस्तुको औषधी गराउने कामको केन्द्रीय निरीक्षण, निगरानी एवं थप प्राविधिक विशेषज्ञ सेवाकालागि टुर-काजमा खटिई जान बाधा पर्न गएको महसुस गरी सालवसाली निकासा लिइरहनु नपर्ने गरी जिल्ला-जिल्लाको आवश्यकता र मागअनुरूप गोश्वारा अफिसकै तजविजमा टुर-काजमा खटिई खटाई जाने स्थायी निकासा, टुर-काज खटिई गएका डाक्टर तथा खरिदारहरूको अनुपस्थितिमा निजहरूले गरिआएको काम कार्यवाहीहरू निजहरूभन्दा एक तह मुनिका कर्मचारीहरूद्वारा प्रचलित सनद सवालबमोजिम गर्ने गराउने अनि टुर-काजका क्रममा काठमाडौं उपत्यकाभित्र खटिई जाँदा थप काज भत्तासमेतको निश्चित प्रबन्धको माग गरी डाक्टर खुसबहादुर थापा क्षेत्री एवं गोश्वाराका कारिन्दाले रिपोर्ट गरेकाले श्री ३ महाराज एवं प्रधानमन्त्री मोहन शमशेरद्वारा वि.सं. २००६ आषाढ १८ गते प्रस्तुत सनद जारी हुनगएको देखिन्छ ।

उपर्युक्त रिपोर्टमाथि सनद जारी गराउन कार्यवाही उठाउने क्रममा सर्वप्रथम गाईवस्तुको औषधी, इलाज, पथपरहेज र तालिम गर्ने गोश्वाराका तत्कालीन तालुकवाला मेजर जनरल ब्रह्म शमशेरबाट टुर-काजको निकासाका हकमा सालवसाली जाहेर गर्ने र चारभञ्ज्याङ्गभित्र टुर-काजमा खटिई जानेहरूकालागि दरबन्दीभन्दा बढी भत्ता दिने भनी अड्डा (गोश्वारा) बाट बिन्ती चढाउनु मुनासिव नभएको टिप्पणी गर्दै आर्थिक सुधारको काममा चारभञ्ज्याङ्गभित्र टुर-काजमा जाने जवानले पाइआएसरह सयकडा २५% घटाई भत्ता दिने ठहर गरी जो चाहिने व्यहोराको सनद-अर्डर जारी गर्न मुलुकी अड्डा ऐन सवाल फाँटमा वि.सं. २००५ कात्तिक ११ मा दस्तखतसहितको सिफारिस पठाएको देखिन्छ ।

ऐन सवाल फाँटबाट तालुकवालाको सिफारिससहितको उपर्युक्त रिपोर्ट तत्कालीन मिनिष्टर एण्ड कम्याण्डर-इन-चिफ बबर शमशेरका हजुरमा जाहेर गर्दा चारभञ्ज्याङ्गभित्र टुर-काजमा खटिई जानेहरूकालागि सयकडा २५% घटाई आर्थिक सुधारको काममा चारभञ्ज्याङ्गभित्र खटिई जाने जवानले पाइआएसरह नभई त्यत्ति नै भत्ता महँगीवापत थपबक्स गरिदिने गरी निकासा दिनु र टुर-काजको निकासाको हकमा सालवसाली जाहेर गर्ने मर्जी बक्ससहित सोबमोजिम गर्नु गराउनु भन्ने रिपोर्ट सदर गरिबक्सेपछि (श्री ३ ले) जो चाहिने व्यहोराको सनद गाईवस्तुको औषधी, इलाज, पथपरहेज र तालिम गर्ने गोश्वारा अफिसका नाममा पठाइदिने ठहर गरी गरिएको सिफारिससहितको रिपोर्ट श्री ३ प्रधानमन्त्री मोहन शमशेरका हजुरमा पेश हुँदा सो रिपोर्टको शीरमा चारभञ्जयाङ्गभित्र टुर-काजमा खटिई जाने जवानहरूलाई कम्याण्डर-इन-चिफको सिफारिसबमोजिम वि.सं. २००६ चैत्र मसान्तसम्मलाई भने महँगी भत्ताकै रूपमा दिने त्यसपछिलाई मुलुकी सवालभन्दा बढी र सवालले नपाउने ठाउँमा जाडाको हकमा महँगी बृद्धिको क्रम जारी रही तालुकवालाका तजबिजले टुर-काजमा भत्ता दिनुपर्ने देखिए सालसालै जाहेर गरी निकासा बक्सेबमोजिम गर्नु अनि टुर-काज निकासाका हकमा रिपोर्टमाथि गरिएको

सिफारिसबमोजिम सालवसाली निकासा सदर गरिबक्सेको तथा यसरी टुर-काजमा गाईवस्तुको औषधी, इलाज, पथपरहेज र तालिम गर्ने गोश्वारा अफिसका डाक्टर एवं खरिदार खटिई गएका अवस्थामा निजहरूको अनुपस्थित अवधिभर सदर गोश्वारा अफिसमा गाईवस्तुको औषधी गर्ने वा रिपोर्ट (तोक) आदि लेखापढी तथा तलब-भत्ता खामे खुवाउने जस्ता दैनिक काम कार्यवाहीहरू टुर-काजमा खटिई गएका जवानहरूदेखि मुनिका दर्जाका जवानहरूबाट प्रचलित सनद-सवालबमोजिम गर्ने गराउने गरी काम चलाउने भन्ने वि.सं. २००५ चैत्र २३ गते रोज ३ मा खड्ग निशाना तोक काटी सदर गरिबक्सेको देखिन्छ ।

यसपछि उपर्युक्त खड्ग निशाना तोक सदर रिपोर्ट तालुक अड्डा गाईवस्तुको औषधी, इलाज, पथपरहेज र तालिम गर्ने गोश्वारा अफिसमा नियमानुसार पठाइएको देखिन्छ । अन्तमा, उपर्युक्त गोश्वारा अफिसका डाक्टर एवं कारिन्दाले मुलुकी अड्डा ऐन सवाल फाँट मार्फत तोक सदर रिपोर्टका व्यहोराहरू उल्लेख गरी सोबमोजिम गर्नु गराउनु भन्ने कौसी तोषाखानाका नाउँमा सनद गरिबक्सनुपर्ने व्यहोरा जाहेर गरेकाले २००६ आषाढ १८ गते श्री ३ एवं प्रधानमन्त्री मोहन शमशेरबाट यो सनद जारी गरेका थिए ।

**प्रस्तुत सनदको व्याख्या एवं टिप्पणी**

अन्तिम राणा प्रधानमन्त्री श्री ३ मोहन शमशेरबाट जारी गरिएको प्रस्तुत सनदले राणाकालीन नेपालको प्रशासनिक इतिहासमा विशिष्ट महत्व राख्दछ । किनकी :

प्रथमत: यस सनदले आधुनिक पाश्चात्य चिकित्सा पद्धति (Allopathy) अनुरूपको पशु स्वास्थ्य सेवाको प्रवेश, विकास एवं विस्तारका लागि राणा शासकहरूका तर्फबाट गरिएका संस्थागत प्रयासहरू बारे पहिलोपल्ट स्पष्ट तथा विस्तृत जानकारी उपलब्ध गराएको छ । यस अर्थमा नेपालमा पशु स्वास्थ्य सेवाको प्रारम्भिक थिति र प्रयासहरूका सम्बन्धमा विद्यमान अस्पष्टतालाई उघार्न यो सनद ज्यादै उपयोगी बन्न पुगेको छ ।

दोस्रो : यस सनदले समग्र राणाकालीन प्रशासनभित्रको खासगरी सामान्य एवं आर्थिक प्रशासनमा विद्यमान नीति-नियम एवं प्रकृयाहरूका बारेमा केही थप नवीन सूचनाहरू प्रवाह गराएको छ । अनि उपर्युक्त नीति नियम तथा प्रकृयाहरूमा गरिइनुपर्ने आवश्यक सुधार र प्रबन्धहरूका विषयमा उच्चपदस्थ कर्मचारीहरू औ राणा शासक वर्गको मानसिकता अनि सो मानसिकताले सुरु गराएको आपसी अन्तर्द्वन्द्व समेतलाई हल्कारूपमा उजागर गराएको छ । यस दृष्टिले राणाकालीन सामान्य एवं आर्थिक प्रशासनको इतिहासको अध्ययनका पक्षमा यो सनद थप सहयोगी रहेको छ । यसप्रकार प्रस्तुत सनदले उजागर गरेका नवीन सूचना एवं तथ्यहरूलाई बुँदागत रूपमा निम्नानुसार व्याख्या तथा विश्लेषण गर्न सकिन्छ ।

(क) खासगरी राणाशाहीको उत्तरार्धमा नेपाली जनता एकतन्त्रीय जहाँनियाँ शासनको अन्त्य गरी आफ्ना नागरिक हक एवं अधिकार प्राप्तिको संघर्षमा

उद्यत रहेका कारण जनमानसमा आफ्नो प्रभाव यथावत कायम राख्न जनसरोकारसँग प्रत्यक्ष सम्वन्ध राख्ने स्वास्थ्य सेवा र घरेलु इलम तालिम जस्ता सामाजिक-आर्थिक सेवाहरूलाई देशव्यापीरूपमा विकास तथा विस्तार गर्नेतर्फ राणा शासकहरू प्रयत्नशील रहेका थिए भन्ने तथ्य यहाँछेउ स्मरणीय छ । यसै क्रममा गाईवस्तुको औषधी-इलाज, पथपरहेज र तालिम गर्ने सदर गोश्वाराको स्थापना गरिनुका साथसाथै सो सेवालाई केन्द्र बाहेक पूर्व-पश्चिम पहाड, गढी, गोश्वारा, सुर्खेत, काभ्रेपलाञ्चोक, भक्तपुर र ललितपुरसमेत विभिन्न क्षेत्रमा पशु चिकित्सालयहरू स्थापना गरी सेवा उपलब्ध गराएको वुभिन्छ । अनि ती जिल्ला-जिल्लामा रहेका पशु चिकित्सालयहरूमा सनद-सवाल र सरकारबाट उपलब्ध सेवा-सामग्रीहरू अनुरूप काम भए नभएको जाँच बुझ गर्न केन्द्रबाट डाक्टर एवं खरिदारको नेतृत्वमा तालुकवालाको तजविजले खटाएबमोजिम एकाध जिल्लामा सालको एकपटक निरीक्षण भ्रमण गराउने व्यवस्था वि.सं. २००५ आषाढ १२ को खड्ग निशाना रिपोर्ट सदर आदेशसमेत जारी गरिएको देखिन्छ । तर राणाशाही प्रशासन अत्यधिक केन्द्रिकृत र सुस्त स्थितिमा नै गुज्रिएकाले जनपक्षीय सुधारहरू गरी स्थापित सत्ताको पक्षमा जनमत बढाउने रणनीति खास उपयोगी बन्न नसकेको तथ्य यहाँछेउ स्मरणीय छ ।

(ख) राणाशाही प्रशासन अत्यधिक केन्द्रिकृत प्रकृतिको थियो । प्रत्येक सानोतिनो निकासा-पुकासाकालागि निकासा लिने तालुक (केन्द्रीय) अड्डाले निकासा लिनुपर्ने कुराहरूको विवरणसहितको जाहेरी रिपोर्ट लेखी तालुकवाला मार्फत मुलुकी अड्डा ऐन सवाल फाँट हुँदै मुख्तियारसँग साध्ने (मुख्तियारका हकमा मौखिक मर्जी) गर्दथे । अनि यदि श्री ३ महाराजसँग साध्नु पर्ने (श्री ३ का हकमा हुकुम) जति चाहीँ खड्ग निशाना अड्डा पठाउँदथे । त्यहाँबाट रिपोर्टमा तोक सदर भई खड्ग निशाना छाप लगाई सो रिपोर्ट सम्वद्ध तालुक अड्डा जान्थ्यो । अनि अझ त्यसमाथि निकासा आदेश कार्यान्वयनका लागि पुनः सनद जारी गर्नुपर्ने भएमा पुनः उही तह र प्रकृयाअनुरूप श्री ३ समक्ष जाहेर गरी सनद जारी भएपछि मात्र निकासाहरू कार्यान्वयन हुन सक्थ्यो । यसप्रकार राणाकालीन प्रशासन अति नै झञ्झटिलो हुनुका साथसाथै एउटा कामको निकासा लिई कार्यान्वयन गर्न ज्यादै लामो समय व्यतित हुन जान्थ्यो । जुन कुरा प्रस्तुत सनद जारी गर्ने क्रममा गाईवस्तुको औषधी-इलाज, पथपरहेज र तालिम गर्ने गोश्वाराले उठाएको रिपोर्टमाथि तालुकवाला मेजर जनरल ब्रह्म शमशेरले गरेको सिफारिस मुलुकी अड्डा ऐन सवाल फाँट पुगी उसले तत्कालीन मुख्तियार एवं कम्याण्डर-इन-चिफ बबर शमशेरकहाँ साधी मर्जी प्रमाषित साथ खड्ग निशाना पठाई त्यहाँबाट श्री ३ मोहन शमशेरको हुकुम लिई तोक सदर गराउन ५ महिना १२ दिनको समय

व्यतित भएको देखिन्छ । अनि पुनः उपर्युक्त तोक सदरलाई निकासाका कुराहरूसँग सम्वद्ध तत्कालीन कौसी तोपाखानाका नाममा सनद जारी गराउन थप २ महिना २५ दिनको अवधि लागेको देखिन्छ । सारांशमा भन्नुपर्दा गाईवस्तुको औपधी गर्ने गोश्वाराले टुर-काजमा खटिई जान आवश्यक निकासा मागको प्रस्तुत सनद जारी गराउन कूल ८ महिना ७ दिनको ज्यादै लामो अवधि लाग्न पुगेको तथ्य प्रस्तुत सनदको अध्ययनवाट खुल्न गएको छ ।

(ग) तत्कालीन केन्द्रिकृत प्रशासन एवं केन्द्रीय आदेश निकासामा हुन जाने ढिलासुस्ती र सो कारणवाट अड्डाखानाहरूलाई तोकिएको अधिकार तथा जिम्मेवारी पूरा गर्न प्रायः कठीनाई परि नै रहन्थ्यो । त्यस परिस्थितिवाट केन्द्रीय अड्डाहरूका उच्चपदस्थ कर्मचारीहरू दिक्क थिए र उनीहरू आफू कार्यरत अड्डा तथा अड्डालाई तोकिएको जिम्मेवारी पूरा गर्न-गराउन आवश्यक निर्देशन निकासा र आदेश सालसालको सालसालै लिनुपर्ने प्रावधान हटाई त्यसकालागि स्थायी निकास आदेश प्राप्त होस् भन्ने चाहन्थे । तर जहाँनिया निरङ्कुश राणा शासकहरू विद्यमान केन्द्रिकृत प्रशासनशैलीमा रतिभर पनि सुधार गर्न तैयार थिएनन् । यसप्रकार तत्कालीन केन्द्रिकृत प्रशासनलाई युगानुकूल विकेन्द्रित स्वरूपतिर रूपान्तरण गराउनेतर्फ उच्चपदस्थ कर्मचारीहरूको मानसिकता विकसित हुँदै गएको अनि राणा शासकवर्ग केन्द्रिकृतरूपमा आफूले एकलौटिरूपमा अँठ्याएको अधिकारहरूलाई विकेन्द्रित गराउनेतर्फ अनिच्छुक रहेको तत्कालीन शासक एवं प्रशासकहरूवीचको भिन्न मानसिकता अनि सो मानसिकताले उत्पन्न गराएको आपसी अन्तर्द्वन्द्वलाई पनि प्रस्तुत सनदले हल्का रूपमा उजागर गरेको छ । यो तथ्य प्रस्तुत सनद जारी गराउन माग गर्ने गाईवस्तुको उपचार सेवासँग सम्वद्ध सदर गोश्वाराबाट उठाइएको रिपोर्टमा उल्लेखित "सालवसाल टुर-काजको निकासा लिइरहँदा टाइमलागि टुर-काजमा खटिई जान मुस्किल पर्ला की..." भन्ने वाक्यांश तथा उक्त निकासा मागमाथि सिफारिस गर्ने क्रमशः तालुकवाला र मुख्तियारले "निकासाका हकमा सालवसाल जाहेर गर्ने" भन्ने दस्तखत तथा मर्जी बक्स भएबाट अनि श्री ३ प्रधानमन्त्रीबाट पनि सोही व्यहोरा सदरको हुकुम बक्स भएबाट स्पष्ट हुन जान्छ ।

(घ) प्रस्तुत सनदले वि.सं. २००५-२००६ ताका त्यसको हाराहारीको अघिल्ला वर्षहरूको तुलनामा वजार भाउ अत्यधिक मात्रामा बढ्न गई महँगीले जनजीवनमा प्रत्यक्ष प्रभाव पारेको थियो भन्ने तथ्यमाथि पनि प्रकाश पारेको छ । स्मरण रहोस् वि.सं. २००७ मा नेपालमा राणाशाही विरुद्ध सशस्त्र जनक्रान्ति भएको थियो । सो जनक्रान्ति हुनाका पछाडि बढ्दो महँगी र त्यसको मूल कारक राणाशाही आर्थिक उदासीनता पनि प्रमुख कारक थियो भन्ने कुराको पुष्टि यसबाट गर्न सकिन्छ । प्रस्तुत सनद जारी गराउने गाईवस्तुको औपधी-इलाजसम्वन्धी गोश्वाराका कर्मचारीले

दरबन्दी बाहेकको क्षेत्रको प्रचलित सवाल वाहेकको काज भत्ताको माग गर्नु, तालुकवाला मेजर जनरलले सो मागमाथि सयकडा २५% घटाई भत्ता दिने सिफारिस गर्नु, सो सिफारिसमाथि मुख्तियारबाट सो भत्तालाई महँगी भत्ताको रूमा थपीदिने मर्जी हुनु र अन्तिम आदेश दिने श्री ३ प्रधानमन्त्रीवाट वि.सं. २००६ चैत्र महासन्तसम्मलाई सोही सदर गरी त्यसपछि पनि यस्तै महँगी रहेमा तालुकवालाको तजविजमा सालसालै जाहेर गर्नु भन्ने आदेश भएको सनदको मूल व्यहोराहरूले तत्कालीन महँगीको उच्च दरलाई स्पष्ट रूपमा इंगित गर्दछ ।

(ङ) राणाकालमा आधुनिक पाश्चात्य चिकित्सा पद्धति (Allopathy) अनुरूपको पशु स्वास्थ्य सेवाको उपलब्धताको र सरकारी पक्षबाट त्यस सम्बन्धमा भएका संस्थागत प्रयासहरू लगायत समग्र राणाशाही प्रशासनसँग सम्बद्ध उपर्युक्त विविध नवीन सूचनाहरू एवं तथ्यहरू वाहेक यस सनदबाट तत्कालीन सामान्य तथा आर्थिक प्रशासनसँग सम्बद्ध निम्न नवीन तथ्यहरू पनि एकसाथ उजागर हुन पुगेको देखिन्छन् ।

(१) अन्तिम राणाशाही प्रशासनमा आर्थिक सुधारको कामलाई उच्च प्राथमिकता दिइएको थियो । त्यस उद्देश्य प्राप्तिकालागि अनेक प्रवन्धहरू समेत गरिएको थियो । जसमध्ये आर्थिक सुधारको काममा खटिई जाने (काज जाने) कर्मचारीलाई तत्कालीन दरवन्दीमा उल्लेख भए विपरित चारभञ्ज्याङ्ग (काठमाडौं उपत्यका) भित्र काज खटिएको अवस्थामा पनि प्रचलित काज भत्तामा सयकडा २५% घटाई दिने नियम जारी गरिएको थियो । जुन कुरा प्रस्तुत सनद जारी गर्न उठाइएको रिपोर्टमाथि सिफारिस गर्ने तालुकवाला मेजर जनरलको दस्तखत सहितको सिफारिसमा "आर्थिक सुधारको काममा चारभञ्ज्याङ्गभित्र टुर-काजमा जाने जवानले पाइ आए सरह सयकडा २५% घटाई भत्ता दिने" भन्ने वाक्यांश उल्लेख भएवाट प्रस्ट हुन्छ ।

यसका साथसाथै यसवाट अन्तिम राणाकालमा पशु स्वास्थ्य सेवामा टुर-काजमा खटिइने कर्मचारीहरूलाई पनि सोही सरह सुविधा तत्कालका लागि उपलव्ध गराउने प्रस्तुत सनदको आदेशबाट पशु स्वास्थ्य सेवालाई पनि उच्च प्राथमिकता दिन थालिएको रहस्य खुल्न गएको छ ।

(२) राणाकालीन नेपालमा निजामती कर्मचारीहरूको सेवा र सुविधाहरूका विषयमा न त कुनै निश्चित व्यवस्था थियो न त एकरूपता नै थियो । अतः तत्कालीन निजामती कर्मचारीहरू यस सम्बन्धमा निश्चित व्यवस्था र एकरूपको स्थायी प्रबन्ध बाँधियोस् भन्ने चाहन्थे । खासगरी अन्तिम राणाकालमा आएर निजामति कर्मचारीहरू शासक वर्गसँग यस सम्बन्धमा मौका परेका वखत मुख खोलेर माग गर्न थालेका थिए (चालिसे, ई. १९९८ : १५७-५९) । प्रस्तुत सनद जारी गराउन रिपोर्ट उठाउने तत्कालीन गाईवस्तुको औषधी, इलाज पथपरहेज र तालिम गर्ने

गोश्वाराका डाक्टर-खरिदारले त्यतिवेला बढेको महँगीलाई आधार बनाई आर्थिक सुधारको काममा खटिइने कर्मचारीले जस्तै आफूहरूले पनि चारभञ्ज्याङ्गभित्र पनि टुर-काज भत्ता पाउनु पर्ने भनी निकासा माग गरेबाट पनि यो तथ्य स्पष्ट हुन्छ । तर अर्कोतिर राणा सरकार कर्मचारीहरूको सेवा र सुविधामा निश्चित व्यवस्था बाँध्न र सबैलाई समानरूपको सुविधा उपलब्ध गराउनेतर्फ बिलकुल उदासीन थियो । त्यसैले त सम्बद्ध कर्मचारीद्वारा चारभञ्ज्याङ्गभित्र काज भत्ताको स्थायी व्यवस्था कायम गरिपाउँ भन्ने मागमाथि २००६ चैत्र मसान्तसम्मलाई मात्र आर्थिक सुधारको कामकाजमा खटिइने कर्मचारीसरह महँगी भत्ता स्वरूप थप गरिदिने र त्यसपछिलाई तालुकवालाले आवश्यक ठानेमा मात्र सालसालै निकासा जाहेर गर्ने भन्ने सनदको प्रसङ्गबाट स्पष्ट हुन्छ ।

**पस्तुत सनदसँग सम्बद्ध तत्कालीन अड्डाहरूको संक्षिप्त परिचय**

यस आलेखमा प्रस्तुत गरिएको वि.सं. २००६ आषाढ १८ गतेको सनद तत्कालीन **गाईवस्तुको औषधी-इलाज, पथपरहेज र तालिम गर्ने सदर गोश्वारासँग** प्रत्यक्षरूपले सम्बद्ध रहेको छ । यस सदर गोश्वाराका डाक्टर र खरिदार अधिराज्यभर छरिएर रहेका पशु चिकित्सालयहरूको निरीक्षण भ्रमण तथा थप प्राविधिक सेवा समेतका लागि खटिई गएको अवस्थामा निजहरूले पाउने टुर-काज भत्ता र निजहरूको अनुपस्थितिमा सदर गोश्वारामा भइपरिआएको औषधी उपचार लेखापढी तथा तलब भिकी खाने खुवाउने कार्यको कार्यान्वयनसँग **कौसी तोषाखाना कार्यालय** प्रत्यक्षरूपमा गाँसिएकाले सदर गोश्वाराले आफूले रिपोर्ट सदरबाट पाएको निकासाको व्यहोरा उठाई पछिल्लो कार्यालयको नाउँमा सनद जारी गरिएको प्रस्ट छ । अनि सुरुमा रिपोर्ट सदर गराउने र तत्कालीन सनद जारी गराउने प्रकृयासँग **मुलुकी अड्डा (ऐन सवाल फाँट)** तथा **खड्ग निशना अड्डा** जोडिएर रहेका देखिन्छन् । अतः प्रस्तुत खोजमूलक लेखको परिपूर्णता एवं आम पाठकवर्गको जिज्ञासा परिपूर्ति समेतकालागि उपर्युक्त तत्कालीन अड्डाहरूको संक्षिप्त परिचय लिपिबद्ध गर्नु प्रासङ्गिक देखिन्छ ।

**(क) गाईवस्तुको औषधी-इलाज, पथपरहेज र तालिम गर्ने गोश्वारा**

स्रोत साधनहरूको अभाव तथा यस पक्षमा ठोस अनुसन्धान हुन नसकेका कारण नेपालमा पशु स्वास्थ्य सेवाको इतिवृतात्मक इतिहास पहिल्याउन सकिएको छैन । तापनि परम्परागतरूपमा मानिसलगायत पशुपक्षीको उपचार जडीबुटी एवं भारफुकको माध्यमद्वारा गर्ने प्रचलन थियो । जुन आमरूपमा अद्यापी कायम पनि छ । जहाँसम्म आधुनिक कालमा विकसित पाश्चात्य चिकित्सा पद्धति (Allopathy) अनुरूपको पशु स्वास्थ्य सेवाको प्रारम्भ र संस्थागत प्रयासहरूको थालनीको प्रश्न छ, यसबारेमा पनि ठोस जानकारी प्राप्त हुन सकेको छैन । खासगरी पछिल्लो राणाकालमा आएर पशु स्वास्थ्य सेवाको क्षेत्रमा संस्थागत प्रयासको थालनी भएको बुझिन्छ । इतिहासकार डा. प्रेमरमण उप्रेतीकाअनुसार यस क्षेत्रमा पहिलो प्रयास श्री ३ चन्द्र शमशेरले सन् १९२० को दशकमा गरेका थिए र यसका लागि डा.

मलहोत्रा (भारतीय नागरिक) नेपाल बोलाइएका थिए । चन्द्र शमशेरको समयमा यससम्बन्धी कुनै अड्डा वा निकाय स्थापना भए नभएको तथ्य ज्ञात हुन सकेको छैन (डा. उप्रेतीसँगको कुराकानी) । हालसम्मको अध्ययनअनुसार सन् १९३९ मा जुद्ध शमशेरको प्रधानमन्त्रीत्व कालमा यस सम्बन्धमा संस्थागत विकास भएको उल्लेख पाइन्छ र त्यस क्रममा पहिलोपल्ट त्यतिबेला काठमाडौंमा एउटा सानो पशु चिकित्सा औषधालय स्थापना भएको थियो भनिन्छ (सि.ए.एच.सी. (मिति अनुल्लिखित), २) । तर पशु स्वास्थ्य सेवासम्बन्धी छुट्टै केन्द्रीय गोश्वाराको स्थापना चाहिँ त्यस अघि वा पछि कहिले भयो भन्ने तथ्य खुल्न सकेको छैन । यस स्थितिमा यति मात्र अनुमान गर्न सकिन्छ कि यस लेखमा प्रस्तुत वि.सं. २००६ आषाढ १८ को सनदमा उल्लेख भएको "गाईवस्तुको औषधी-इलाज, पथपरहेज र तालिम गर्ने गोश्वारा" को स्थापना सन् १९३९ मा काठमाडौंमा पहिलो चिकित्सालय स्थापना भएको वर्ष वा त्यसको केही समय अघि स्थापना भएको हो । अनि सोही गोश्वाराअन्तर्गत एक केन्द्रीय पशु चिकित्सालय र अन्य जिल्ला तहका केही पशु चिकित्सालयहरू स्थापना भएको हुनुपर्छ । हालसम्म प्राप्त जानकारीअनुसार डा. धीरबहादुर सिंह पहिलो तालिम प्राप्त पहिलो नेपाली पशु स्वास्थ्य डाक्टर थिए (ऐ.ऐ.) ।

प्रस्तुत सनदले उपलब्ध गराएको नवीन सूचनाअनुसार वि.सं. २००६ सम्म सदर पशु स्वास्थ्यसम्बन्धी उपर्युक्त गोश्वाराअन्तर्गत काठमाडौंमा एक केन्द्रीय पशु चिकित्साका अतिरिक्त पूर्व-पश्चिम पहाड, गढी, गोश्वारा, सुर्खेत, काभ्रेपलाञ्चोक र उपत्यकाभित्र भक्तपुर एवं ललितपुरमा समेत पशु चिकित्सालयहरूको स्थापना भई पशु चिकित्सा उपलब्ध गराइएको थियो भन्ने तथ्य खुल्न आएको छ । एक स्रोतका अनुसार ई.सं. १९५७ सम्म नेपाल अधिराज्यभित्र विभिन्न जिल्लामा १० वटा पशु चिकित्सालयहरूद्वारा पशु स्वास्थ्य सेवा उपलब्ध थियो (सि.ए.एच.सी., २०४६ : ८) । केन्द्रमा स्थापित सदर पशु स्वास्थ्य सेवासम्बन्धी गोश्वाराका डाक्टर र खरिदारको टोली जिल्ला-जिल्लामा खटाई सम्बद्ध चिकित्सालयमा प्रचलित सनद सवालअनुरूप काम भए नभएको निगरानी गर्ने तथा थप प्राविधिक विशेषज्ञ सेवासमेत उपलब्ध गराउने परम्पराको थालनी वि.सं. २००५ आषाढ १२ गतेको खड्ग निशाना रिपोर्ट बमोजिम भएको देखिन्छ । यसै तवरले पशु स्वास्थ्य सेवालाई पनि उच्च प्राथमिकता दिइएको थियो । यस सेवामा टुर-काजमा जाने कर्मचारीहरूकालागि आर्थिक सुधारका काममा खटिई जाने कर्मचारीहरू सरह तत्कालकालागि थप काज भत्ता दिने निकासा प्रस्तुत सनदमार्फत दिइएको तथ्यहरूबाट हामी यो निष्कर्षमा पुग्न सक्छौं कि आधुनिक पाश्चात्य चिकित्सा पद्धतिअनुरूपको पशु स्वास्थ्य सेवाको प्रवेश श्री ३ चन्द्र शमशेरको पालमा गराइएको भएतापनि यसको विशेष संस्थागत विकास तथा विस्तार श्री ३ जुद्ध शमशेरको पालामा भएको थियो र उनी पछिका श्री ३ प्रधानमन्त्रीहरूले खासगरी मोहन शमशेरले पनि यसको विकास एवं विस्तारमा यथासक्य जोड दिएका थिए । राणाकालीन बरव्यवस्थाको

पृष्ठभूमिमा पछिल्ला दशकहरूमा पशु स्वास्थ्य सेवाको विकास र विस्तार हुँदै आएको तथ्य स्मरणीय देखिन्छ ।

**(ख) कौसी तोषाखाना**

यस अड्डाको स्थापना श्री ५ पृथ्वीनारायण शाहले गरेका थिए (अग्रवाल, २०३३ : ५०) । राणाकालमा मुलुकी अड्डा (हालको राष्ट्र बैंक) स्थापना हुनु अघि सो अड्डाको काम पनि यसै अड्डाले गर्ने गर्दथ्यो । यस अड्डाले देवी देवताको पूजा-आजाको सरकारका तर्फबाट ठेकिएको खर्च उपलब्ध गराउनुका साथसाथै कर्मचारीहरूको तलब, भत्ता, पेन्सन, खान्गी एवं श्री ५ र श्री ३ को दरबारमा पर्व-पर्व एवं संस्कारगत आदि कार्यहरूकालागि प्रचलित सनद-सवाल र खड्ग निशाना रिपोर्ट सदरबमोजिम निकासा रकमहरू मुलुकी खानाबाट माग गरी उपलब्ध गराउने गर्दथ्यो । वि.सं. १९६३ देखि यस अड्डाले प्रचलित सनद सवालबमोजिम सरकारी कर्मचारीहरूलाई ऋण सामटीसमेत उपलब्ध गराउँदै आएको थियो (ऐ.ऐ. : ५१) । यो अड्डा मुख्तियार एवं कम्याण्डर-इन-चिफको निगरानीमा रहन्थ्यो ।

**(ग) खड्ग निसाना अड्डा**

यो तत्कालीन श्री ३ प्रधानमन्त्रीको कार्यालय थियो । यस अड्डाको स्थापना वीर शमशेरले गरेका थिए । तर खड्ग निशाना छापको प्रचलन भने चन्द्र शमशेरले सूत्रपात गराएका हुन् । यस अघिका श्री ३ प्रधानमन्त्रीहरूले विवरण लेखिएको रिपोर्ट वा तोक कागजमा दस्तखत गर्ने गरिआएका थिए । तर पछि कुनै निर्णय वा तोक आदेश गरेको कागजको शीरमा श्री ३ प्रधानमन्त्रीले आफ्नै हातले खड्ग निशाना छाप लगाउँथे । त्यसको मुनितिर मुख्तियारलगायत यस अड्डाका हाकिम-कारिन्दाहरूले औंठा वा सहिछाप लगाउँदथे (पन्त, २०३३ : १०१) । यो अड्डा स्थापना भएपछि मुलुकको सामान्य प्रशासन अझ बढी केन्द्रिकृत बन्न पुग्यो । नेपाल मुलुकभरका सबै अड्डाखानाहरूले खड्ग निशानाबाट प्राप्त भएका सनद र सवालका आधारमा भएको सर्वोपरि आदेशको परिपालन गर्नु पर्दथ्यो । ऐन बनाउने र संशोधन गर्ने वा खारेज गर्ने, मेमो सदर गर्ने, मुख्तियार र तालुकवालालाई अधिकार प्रत्यायोजन गर्ने, मुख्तियारलाई रकम मिनाहा गर्ने अधिकार दिने, बिर्ता प्रदान गर्ने, जुवा फुकाउने, सबैखाले खान्गीको थपघट निकासा, ठेक लगाउने, ठेक अङ्क घटाउने र खारेज गर्ने, नयाँ रकमभत्ताको निकासा, भंसार दर तोक्ने वा घटाउने, नयाँ अधिकार दिने र भएको अधिकार घटाउने, नयाँ अड्डा खडा गर्ने वा भएको खारेज गर्ने र जङ्गलको रूखहरू बेच्ने आदि विषयका सरकारी कागजमा यस अड्डाको छाप लाग्नु अनिवार्य थियो (पाण्डे, २०४२ : १२२) । यसबाट यो तथ्य पुष्टि हुन्छ कि राणाकालीन प्रशासन श्री ३ प्रधानमन्त्रीको मुट्ठीभित्र थियो ।

**(घ) मुलुकी अड्डा (ऐन सवाल फाँट)**

यस अड्डाको तालुकदारी मुख्तियार एवं कम्याण्डर-इन-चिफको थियो । तापनि यदाकदा श्री ३ प्रधानमन्त्रीका मनपरेका रोलवाला राणाजीहरू पनि यसको

तालुकवाला बनेको देखिन्छ । आन्तरिक मामलाका सबै पक्षहरू यसको कार्य सीमाभित्र पर्दथे । अर्को शब्दमा भन्ने हो भने आजको गृह मन्त्रालयको काम यसले गर्दथ्यो । यस अड्डाको स्थापना जङ्गबहादुर राणाको शासनकालमा भएको थियो । रणोद्विप सिंहको पालामा यसभित्र पहाड र मधेश बन्दोवस्त दुई फाँट खडा गरिए पन्त, २०३३ : ९६-९७) । पछि चन्द्र शमशेरको शासनकालमा यसलाई पुनर्गठन गरी थुप्रै फाँटहरूमा विभाजित गरियो । जस्तै कि ऐन सवाल फाँट, पूर्जी फाँट, रिपोर्ट निक्सारी फाँट, मास्केवारी फाँट, रकम बन्दोवस्त फाँट तथा काठमाल निक्सारी फाँट आदि फाँटहरूमा विभाजित थियो । यी मध्ये ऐन सवाल फाँट एक प्रमुख र महत्वपूर्ण फाँट थियो । जसले नयाँ ऐन नियम बनाउने, संशोधन गर्ने तथा पुराना ऐन खारेज गर्ने तथा सनद एवं इस्तिहार जस्ता महत्वपूर्ण अभिलेख यही फाँटबाट तैयार गरिइन्थे । यी कुराका अभिलेखहरू मुख्तियार एवं कम्याण्डर-इन-चिफमार्फत श्री ३ प्रधानमन्त्री समक्ष प्रस्तुत गरिएपछि औपचारिकता प्राप्त हुन जान्थ्यो । अनि ती ऐन-नियम वा सनद-सवाल अधिराज्यभर लागू गराउने पनि यसै फाँटको जिम्मेवारी भित्र पर्दथ्यो ।

**सनदको मूल पाठ**

कौसी तोषाखानाका हाकिम कारिन्दाहरूले पूर्जी हेरी गाईवस्तुको औषधी इलाज पथपरेज तालिम गर्ने गोश्वारा अफिसको डाक्टर खुस वहादुर थापा क्षेत्रीले घरकी जीवन लक्ष्मीस्वरूप गौमातालाई रोग लाग्ना साथै मौकैमा बेठाम्मा औषधी गराउने कि तालिम पाइरहेका पूर्व-पश्चिम जहाँतहाँ पहाड, गढी, गोश्वारा, सुर्खेत, काभ्रेपलांचोक, कोदारी, भक्तपुर र ल.पु. समेतमा २००५।३।१२।६ का खड्ग निसाना रिपोर्ट सदरबमोजिम तालुकवालाका तजविजले एकाध जिल्लामा सालको एकपटक सालवसाल खटी खटाउँदै सो जिल्लाहरूमा काम भए नभएको जाँबुझ गरी गराई काम नभएमा सनद सवालबमोजिम काम गर्ने गरी टुर खटाइबक्से तपशीलबमोजिम सालवसाल निकासा लिइरहँदा टाइमलागि टाइममा टुरकाजमा खटिजान मुश्किल पर्न आउलाकि भनी हाम्रा हजुरमा विन्ति पारेको व्यहोरा जाहेर भएकाले मे.ज. व्रह्म शमशेरबाट तपशीलका कुरामा तपशीलमा लेखिएबमोजिम गर्ने गराउने गरी सालवसाली निकासालाई जाहेर गरी निकासा बक्सेबमोजिम ज जस्का नाउँमा चाहिन्छ जो चाहिने व्यहोराको सनद अर्डर जे गर्नुपर्छ गरी गराई पठाइदिने काम गर भन्ने व्यहोराको २००५।७।११।४ मा दस्तखत भै आएको हुनाले सोबमोजिम सवाल सनद गरिदिनलाई बुझ्दा सो टुर काजमा खटिईजाने डाक्टर, कामदार र कारिन्दाहरूलाई भत्ताको दरबन्दी लेखिएकोमा मुल्की सवालमा लेखिएको दरबन्दीभन्दा वढी लेखिएको र मुल्की सवालले चारभञ्ज्याङ्गभित्र काज खटिएकोमा भत्ता नपाउने भै रहेकोमा चारभञ्ज्याङ्गभित्र काज खटिएमा मुल्की सवालमा लेखिएको दरवन्दीभन्दा बढ्ता भत्ता दिने भनी अड्डाबाट विन्ति चढाउनु मुनासिव नपरेको र आर्थिक सुधारको काममा टुरकाजमा जाने जवानले पाइआएसरह सयकडा २५% घटाई भत्ता दिने समेत तपशीलबमोजिम दस्तखत भै आएको देखिनाले सो व्यहोरासमेत श्री मिनिष्टर एण्ड कम्याण्डर-इन-चिफ साहेवका हजुर्मा

जाहेर गर्दा मुल्की सवालमा लेखिएको दरबन्दीभन्दा बढी भत्ता जति महंगीबापत थपबक्स गरिदिने गरी निकासा दिनु भन्ने मर्जी बक्सेको हुनाले जाहेर गरेका छौं । निकासाका हकमा २००५ आषाढ १२ रोज ६ का खड्ग निसाना रिपोर्ट सदरबमोजिम तालुकवालाका तजविजले एकाध जिल्लामा सालको एकपटक सालवसाल खटिई खटाई सो जिल्लाहरूमा काम भए नभएको जाँचबुझ गरी गराई काम नभएमा सनद सवालबमोजिम काम गर्ने गराउने गरी सालवसाली निकासा बक्सेको छ । सोबमोजिम गर्नु गराउनु भन्ने यो रिपोर्ट सदर गरिबक्सेपछि ज जसलाई चाहिन्छ जो चाहिने व्यहोराको सनद गाईवस्तुको औषधी इलाज पथपरेज तालिम गर्ने गोश्वारा अफिसमा पठाइदिने ठहऱ्यायौं जो मर्जी जो हुकुम भनी मुल्की अड्डा ऐन सवाल फाँटबाट जाहेर गरेको रिपोर्टको शीरमा यसमा ७ दफामा लेखिएबमोजिम गर्नु त्यसपछिलाई सवाल भन्दा बढी र सवालले नपाउने ठाउँमा जाडाको हकमा यस्तै महंगी भै तालुकवालाका तजविजले दिनुपर्ने देखिए सालसालको सालसालै जाहेर गरी निकासा बक्सेवमोजिम गर्नु अरू सदर भनी २००५ चैत्र २३ रोज ३ मा खड्ग निसाना तोक काटी सदर गरिबक्सेको रिपोर्ट सदरको तपशीलमा सदर गोश्वारा अफिसमा रोग लागेका गाईवस्तुलाई औषधी गर्ने काम रिपोर्ट तोक तलव भत्तासमेत खाने खुवाउने परिरहेकाले सो अफिसबाट सालवसाल तालुकवालाका तजविजले पहाड जिल्ला गढी गोश्वारा सुर्खेत काभ्रेपलाञ्चोक माल भक्तपुर ललितपुरमा समेत टुरकाजमा डाक्टर खरिदार खटिई खटाई गएमा सो खटिएका भन्दा मुनिका जवानहरूले गरी आएको रिपोर्ट तोक लेखापढी र औषधी गर्ने समेत सदर अफिसमा भैपरी आएको काममा टुर-काजबाट फर्की नआएसम्म भैरहेको सनद सवालवमोजिम सो खटिएका मुनिका जवानहरूले गर्ने गराउने भन्ने ९ दफामा लेखिएकोले सोवमोजिम सदर गोश्वारा अफिसको डाक्टर खरिदार टुरकाजमा खटिईजाँदा सो टुरकाजबाट फर्की हाजिर हुन नआएसम्म भैपरी आएको रिपोर्ट तोक लेखापढी जवाफदेही र तलवभत्ता झिकी खाने खुवाउने समेत जो गर्नुपर्ने काम भै रहेका सनद सवालवमोजिम टुरकाजमा रहेका जवानहरूदेखि मुनिका दर्जाका जवानबाट गरी गराई काम चलाउने गरिवक्सेको छ सोबमोजिम गर्नु गराउनु भन्ने कौशी तोषाखानाका नाउँमा सनद गरिवक्सनुपर्ने ठहऱ्यायौं जो मर्जी हुकुम भनी गाईवस्तुको औषधी इलाज पथपरेज र तालिम गर्ने गोश्वाराका डाक्टर कारिन्दाले मुल्की अड्डा ऐन सवाल फाँट मार्फत हाम्रा हजुरमा विन्ति पार्दा जाहेर भयो तसर्थ सो ठहराएकोमा हामीबाट पनि सदर गरिबक्सेको छ सोबमोजिम गर्ने गराउने काम गर ईति सम्वत् २००६ साल आषाढ १८ गते रोज सुभम्---------------------------

**सन्दर्भ-कृतिसूची**

उप्रेती, प्रेमरमणसँग २०६१ पौष १७ गते गरेको कुराकानी ।

अग्रवाल, एच.एन. (२०३३). *दी एडमिनिष्ट्रेटिभ सिष्टम अफ नेपाल.* दिल्ली : विकास पब्लिशिङ्ग हाउस ।

चालिसे, चक्रपाणि (सम्पा.) (२०४६). *हितैषी नेपाली शब्दकोश.* काठमाडौं : चक्रपाणि स्मारक समिति ।

चालिसे, पुष्पराज (ई. १९९८). "राणाशाही प्रशासनिक कर्मचारीको सुविधामा विद्यमान असमानता र असन्तुष्टि बारे प्रकाश पार्ने एउटा सनद" *त्रिभुवन युनिभर्सिटी जर्नल.* भोलम एक्स एक्स आई, नं. २, कीर्तिपुर, काठमाडौं ।

पन्त, साम्बभक्त (२०३३). *नेपालमा जनप्रशासन : लिच्छविकालदेखि राणाकालसम्म,* काठमाडौं : नैनादेवी पन्त ।

पाण्डे, भीमबहादुर (२०४२). *त्यस बखतको नेपाल (भाग - ५).* ललितपुर : साझा प्रकाशन ।

सेण्ट्रल एनिमल हेल्थ सेण्टर (सि.ए.एच.सी.) (मिति अनुल्लिखित). *सेण्ट्रल एनिमल हेल्थ सेण्टर :एन इन्ट्रोडक्सन.* काठमाडौं : सेण्ट्रल एनिमल हेल्थ सेण्टर ।

---------------- (२०४६). *एन्नुएल प्रोग्रेस रिपोर्ट :फिस्कल यर २०४५/२०४६ वि.एस.* काठमाडौं : सेण्ट्रल एनिमल हेल्थ सेण्टर ।